Asian American Federation

# रेस्टुरेन्ट पुनरुद्धार कोषकोलागि निवेदन खुल्दै छ!

**एस.बी.ए आवेदन पोर्टलमा यो शुक्रवार, अप्रिल ३० तारिकमा दर्ता गर्नुहोस् (निवेदन पोर्टल बिहान ९ बजे खुल्नेछ)।**

**आवेदन सोमबार, मे ३ तारिक (१२ बजे ) खुल्नेछ।**

अमेरिकाको सानो व्यवसाय प्रशासन (एस.बि.ए.) ले रेस्टुरेन्टहरुलाई पूर्ण ब्यवसाय संचालन गर्नकालागि मद्दत पुर्याउन रेस्टुरेन्ट पुनरुद्धार कोष (आर. आर. एफ) शुरू गर्दैछ। योग्य व्यवसायहरूले उनीहरूको कोभिड-१९महामारीले गर्दा भएको राजस्वमा भएको घाटा बराबरको कोष प्राप्त गर्न सक्नेछन्। एस कोषद्वारा व्यवसायहरुले ५ मिलियन डलर (एक भन्दा बढी स्थानमा भएका ब्यवासायहरूले १० मिलियन) सम्मको कोष प्राप्त गर्न सक्नेछन्। मार्च ११, २०२३ सम्म नियम अनुरुप (योग्य) प्रयोगहरूमा खर्च गरिएको रकम फिर्ता गर्नु पर्दैन।

**महामारीका कारणले राजस्व घाटा अनुभव गरेका निम्न संस्थाले एस कोषकालागि निवेदन दिन सक्नेछन्:**

- रेस्टुराँ
- खाना स्ट्यान्ड, फूड ट्रक, फूड कार्ट (खानाको ठेला-गाडीहरु)
- क्याटररहरू
- बार, सैलुन, लाउन्ज, टाभर्नहरु
- खाजा र मदिराबाहेक अन्य पेय सामग्री बार
- लाइसन्सकासाथ पेय मदिरा उत्पादक/ उत्पादन गर्ने केन्द्र अथवा परिसर जहाँ सार्वजनिक रुपले ति पदार्थ चाख्न, नमुना लिन अथवा खरिद गर्न सकिन्छ

**सार्वजनिक रुपमा तेही इस्थलमा ३३% ( डिलिभरि र टेक-आउट बाहेक) व्यापार गर्ने र निवेदनकालागि योग्य ब्यवसाय:**

- बेकरीहरू
- मदिरा बनाइने ठाउँहरु (पब), मदिरा चाख्ने ठाउँहरु र ट्याप-रुमहरु(जहाँ रक्सि बनाइन्छ र बेचिन्छ)
- साना अथवा ठुला वियर बनाउने ठाउँहरु
- वाइन र अन्य रक्सि बनाउने ठाउँहरु
- इनहरु (जहाँ खाना, मदिरायुक्त पेय पदार्थका साथै लजको ब्यवस्था छ)

के तपाईको व्यवसायका बहुमत मालिक एशियाई/एसियाली हुन्? जुन ब्यवसायमा ५१% मालिक सामाजिक र आर्थिक रूपबाट वञ्चित व्यक्तिहरूको श्रेणीमा पर्छन् ति ब्यवासायलाई निवेदन खुलेको पहिलो २१ दिन सम्मकालागि प्राथमिकता दिइनेछ। **निवेदनमा उल्लेख बाकसमा चिन्ह लगाइ आफू सामाजिक रूपबाट वञ्चित व्यक्ति हो भनेर जनाउनुहोस्।**

विस्तृत जानकारीको लागि: Restaurant Revitalization Fund (sba.gov)

एसियाली भाषाहरुमा आर.आर.एफ योजनाको गाइडकालागि यहाँ जानुहोस्: Restaurant Revitalization Funding Program Guide (sba.gov)

**निवेदन इस्पेनिश र अंग्रेजी भाषाहरुमा मात्र उपलब्ध हुनेछन्। 'इन-लेङ्गुएज गाइड'- आफ्नो भाषामा भएको गाइडमा रहेको निवेदन भरि यो योजना सुरु हुनु अघि निवेदन भर्ने अभ्यास गरनुहोस् र योजना सुरु हुने बित्तिकै निवेदन दिन तयार हुनुहोस्!**